**बैजनाथ गाउँपालिका**

# बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०३ भाग : ०२ प्रकाशित मिति : २०७७/१०/२१

## शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधी २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१०/१९

## प्रस्तावनाः

नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराइएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षा दरबन्दी तथा राहत अनुदान कोटालाई शिक्षा ऐन २०२८ को दफा ११ को उपदफा ५ को खण्ड 'च' बमोजिम दरबन्दी मिलानको कार्य स्थानीय तहगत रुपमा बाँडफाँड गरि दरबन्दी मिलान गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई जिम्मेवारी दिने भनी मिति २०७६/५/४ मा निर्णय भएको र सो कार्यान्वयन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधी २०७६ जारी गरि सकेको सन्दर्भमा उक्त कार्यविधिले निर्धारण गरेका मापदण्डको आधारमा बैजनाथ गाउँपालिकाले यो कार्यविधी निर्माण गरि लागु गरेको छ ।

## परिच्छेद-१

(१) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधीको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधी २०७७ रहेको छ ।

(२) यो कार्यविधी गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेका यस कार्यविधीमाः

क) 'इकाई' भन्नाले शिक्षा विकास तथा समन्वय इकाई सम्झनुपर्दछ ।

ख) 'ऐन' भन्नाले शिक्षा ऐन २०२८ सम्झनुपर्दछ ।

ग) 'प्रधानाध्यापक' भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा सोको जिम्मेवारी लिएको शिक्षक सम्झनुपर्दछ ।

घ) 'प्रमुख' भन्नाले शिक्षा विकास तथा समन्वय ईकाइ प्रमुख सम्झनुपर्दछ ।

ङ) 'मन्त्रालय' भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्दछ ।

च) 'विद्यालय' भन्नाले प्रचलित कानुन बमोजिम अनुमती वा स्वीकृति लिई संञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ ।

छ) 'स्थानीय तह' भन्नाले गाउँपालिका सम्झनुपर्दछ ।

## परिच्छेद-२

क) शिक्षक दरबन्दी पूर्नवितरण गर्दा साविकमा रहेको प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) , नि.मा.वि. तह (कक्षा ६ देखि ८ सम्म), माध्यमिक तह (कक्षा ९ र १० ) र उच्च माध्यमिक तह (कक्षा ११ र १२) लाई आधारका रुपमा लिने ।

ख) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दि अपुग भएको अवस्थामा तल्लो तहबाट बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दि एकमुष्ट गणना गरि नियमावली बमोजिम न्युनतम दरबन्दि सुनिश्चित गरि स्थानीय तहगत दरबन्दी मिलान गर्ने ।

ग) विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारणवश दरबन्दि रिक्त हुन आएमा दरबन्दि मिलान कार्य सम्पन्न नभएसम्म त्यस्ता विद्यालयले रिक्त पदपुर्ति नगर्ने ।

## परिच्छेद-३

४) पुल दरबन्दि सम्बन्धि व्यवस्था : ऐन तथा नियमावलीमा तोकिएको शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरबन्दिलाई पुल दरबन्दिको रुपमा राख्ने ।

५) माथिल्लो तहमा गणना हुने पुल दरबन्दिः दफा ४ बमोजिमको पुल दरबन्दि सोही विद्यालय तथा बैजनाथ गाउँपालिकाको निम्न माध्यमिक, माध्यमिक (कक्षा ११ र १२ समेत) तहमा शिक्षक दरबन्दि अपुग भएको अवस्थामा त्यसरी बाँकी भएको पुल दरबन्दि मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दि समेतलाई गणना गर्नुपर्नेछ ।

६) खुद पुल दरबन्दि सम्बन्धि व्यवस्था : दफा ४ बमोजिम कायम भएको पुल दरबन्दिमा माथिल्लो तहको अध्ययापन हुने विद्यालयहरुमा शिक्षक नपुग भएमा दफा ५ बमोजिम माथिल्लो तहमा गणना हुने पुल दरबन्दि कट्टा गरि बचत हुन आउने दरबन्दिलाई खुद पुल दरबन्दि मानिनेछ र यस्तो दरबन्दिलाई अर्को विद्यालयमा समायोजन गरिनेछ ।

७) खुद पुल दरबन्दि अर्को विद्यालयमा पठाउने : दफा ६ बमोजिमको खुदपुल दरबन्दि अपुग भएको अर्को विद्यालयमा मिलान गरिनेछ । यसरी मिलान गर्दा अपाङ्गता भएका र महिला शिक्षकलाई सम्भव भएसम्म पायकपर्ने गरि मिलान गर्नुपर्नेछ ।

## परिच्छेद-४

८) शिक्षक व्यवस्थापनका आधारहरु :

दफा ७ बमोजिम खुद पुलमा रहेको दरबन्दि सम्बन्धित निकायले पुनः वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण तथा पदस्थापना गर्नुपर्नेछ ।

क) खुदपुलमा रहेको दरबन्दि स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त भएको राहत अनुदानलाई स्थानान्तरण गर्ने ।

ख) राहत अनुदान स्थानान्तरण गर्दा पनि खुदपुल दरबन्दि बाँकी भएमा रिक्त दरबन्दिलाई स्थानान्तरण गर्ने ।

ग) खुदपुल दरबन्दि भएको विद्यालयबाट स्वच्छिक रुपमा दरबन्दि आवश्यक भएको विद्यालयमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गरि प्राप्त आवेदनहरुको छानविन गरि उपर्युक्तताको समेत हेरी स्थानान्तरण गर्ने । यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथासम्भव पायकपर्ने गरि स्थानान्तरण गर्ने ।

घ) करारमा कार्यरत शिक्षकहरुलाई निजले लिएको नियुक्ती मितिको आधारमा स्थानान्तरण गर्ने ।

ङ) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ती मितिको आधारमा स्थानान्तरण गर्ने ।

च) जिल्लान्तर सरुवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारी भएको मिति सम्वत २०७२ साल असोज ३ गते सम्मको कनिष्ठताको प्राथमिकताक्रम तयार गरि निजको स्थानान्तरण गर्ने ।

छ) अन्य स्थायी शिक्षकको नियुक्ती मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरि कनिष्ठबाट स्थानान्तरण गर्ने ।

ज) शिक्षको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति पत्नी एकै विद्यालयमा पर्ने गरि मिलान गर्न प्राथमिकता दिने ।

## परिच्छेद–५
## विविध

९) शिक्षक स्थानान्तरण भएको विद्यालय जानुपर्ने : यस कार्यविधि बमोजिम स्थानान्तरण भएको विद्यालयमा प्रचलित कानुनले तोकेको विद्यालयमा अनिवार्य हाजिर हुनुपर्नेछ ।

१०) विद्यालयले अनिवार्य हाजिर गराउनुपर्ने : दरबन्दि सहित वा यस कार्यविधी बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेछ ।

११) प्रधानाध्यापक जिम्मेवार हुने : रमाना दिने र हाजिरी गराउने दायित्व प्रधानाध्यापकको हुनेछ।

१२) बाँझिएमा अमान्य हुने : यस कार्यविधीको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

आज्ञाले,

दान बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-

घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१